श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४१ सालको ऐन नं. १६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

वाणिज्य बैंक ऐन, २०३१ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना : वाणिज्य बैंक ऐन, २०३१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "वाणिज्य बैंक (दोस्रो संशोधन) ऐन, २०४१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. वाणिज्य बैंक ऐन, २०३१ को दफा २ मा संशोधनः वाणिज्य बैंक ऐन, २०३१ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ञ) झिकिएको छ ।

३. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ को उपदफा (६) को अन्तमा रहेको "पर्नेछ" भन्ने शब्दपछि देहायको वाक्यांश थपिएको छः–

"र यसरी नियुक्त भएको संचालकको पटक कायम गर्दा उपदफा (५) बमोजिम गणना गरिनेछैन ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ को,–

(१) उपदफा (३) मा रहेको "पारित गर्दा" भन्ने शब्दहरूपछि "जतिसुकै संचालकहरू निर्वाचन गर्ने वा हटाउने भए पनि" भन्ने शब्दहरू थपिएका छन् ।

(२) उपदफा (३) को अन्तमा देहायको वाक्यांश थपिएको छः–

"त्यसरी मतदान गर्ने शेयरवालाले आफूले मतदान गर्न पाउने मतहरू एउटै उम्मेदवारलाई वा एकभन्दा बढी उम्मेदवारहरूलाई विभाजन हुने गरी मतदान गर्न पाउनेछ ।"

५. मूल ऐनको दफा ८ मा संशोधन : मूल ऐनको दफा ८ को खण्ड (५) को सट्टा देहायको खण्ड (५) राखिएको छः–

"(५) यस ऐनअन्तर्गत स्थापना भएको अन्य कुनै बैंकमा संचालक बहाल रहेको,

तर श्री ५ को सरकारको लगानी भएको बैंकले अर्को कुनै बैंकमा लगानी गरेको कारणले त्यस्तो बैंकमा संचालक मनोनयन गर्नु पर्दा श्री ५ को सरकारको स्वीकृति लिई आफ्नो कुनै संचालक त्यस्तो अर्को बैंकको संचालकमा मनोनयन गर्न बाधा पुऱ्याएको मानिनेछैन ।"

६. मूल ऐनको दफा १२ मा संशोधन : मूल ऐनको दफा १२ को,–

(१) खण्ड (थ) को सट्टा देहायको खण्ड (थ) राखिएको छः–

"(थ) विनिमयपत्र, प्रतिज्ञापत्र, चेकड्राफ्ट वा हुण्डी जारी गर्ने, स्वीकार गर्ने, भुक्तानी दिने, डिस्काउण्ट गर्ने वा खरीद बिक्री गर्ने ।"

(२) खण्ड (प) पछि देहायको खण्ड (प १) थपिएको छः–

"(प१) आफ्नो ग्राहकको तर्फबाट बैंक जमानतपत्र जारी गर्न र सो बापत ग्राहकसंग आवश्यक शर्त गराउने, सुरक्षण लिने, निजको चल अचल सम्पत्ति धितो बन्धक लिने वा तेस्रो व्यक्तिको जेथा जमानत लिने ।"

७. मूल ऐनको दफा ४७ क. मा संशोधन : मूल ऐनको दफा ४७ क. को उपदफा (७) पछि देहायको उपदफा (८) थपिएको छः–

"(८) उपदफा (६) वा (७) बमोजिम दाखिल खारेज भएपछि सम्बन्धित व्यक्ति वा बैंकले आफ्नो सम्पत्ति भोग चलन गर्न जाँदा सो सम्पत्ति छाडी दिनु पर्ने व्यक्तिले धिङ्गन्याई गरेको वा जबरजस्ती गरेको उजूरी परेमा प्रचलित कानूनबमोजिम उक्त सम्पत्ति चलन चलाई दिनु पर्नेछ ।"

८. मूल ऐनमा दफा ४७ख. र ४७ग. थपः मूल ऐनको दफा ४७ क. पछि देहायको दफा ४७ ख. र ४७ ग. थपिएका छन्ः–

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"४७ ख. चल सम्पत्तिको धितोमा कर्जा दिनेः (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा बैंकले चल सम्पत्तिको धितोमा कर्जा दिन सक्नेछ र यसरी कर्जा दिंदा बैंकले आफूलाई मान्य हुने शर्तहरू गराएर मात्र कर्जा दिनु पर्नेछः–

(क) बैंकले आफूलाई मान्य हुने चल सम्पत्ति आफ्नो कब्जामा धितो रहने गरी,

(ख) बैंकले चाहेको बखत धितो कब्जा गर्ने गरी ऋणीकै कब्जामा धितो जिम्मा दिई,

(ग) ऋणीको चल सम्पत्ति आफ्नो कब्जामा नरहेकोमा सो सम्पत्तिमाथि स्वामित्व भएको लिखत लिई,

तर ऋणीको सम्पत्तिमा बैंकको अधिकार रहने गरेर मात्र कर्जा दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कर्जा दिंदा वा दिई सकेपछि ऋणीको चल सम्पत्तिले बैंकको कर्जा सुरक्षित नहुने भएमा बैंकले ऋणीको अचल सम्पत्ति पनि धितो लिन सक्नेछ ।

४७. ग. जमानी लिई कर्जा दिने : बैंकले ऋणीलाई कर्जा दिंदा बैंकलाई मान्य तेस्रो व्यक्तिको चल अचल सम्पत्ति धितो लिई वा बैंकको हित सुरक्षण हुने गरी बैंक र जमानी हुने व्यक्तिको बीचमा भएको सम्झौताको शर्तको आधारमा ऋण दिन सक्नेछ ।"

९. मूल ऐनको दफा ५२ मा संशोधन : मूल ऐनको दफा ५२ को सट्टा देहायको दफा ५२ राखिएको छ :–

"५२. प्रचलित कानूनबमोजिम हुने : नेपाल राष्ट्र बैंक ऐन, २०१२ बाहेक अरू प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन र यस ऐनअन्तर्गत बनेका नियमहरूमा लेखिएकोमा सोहीबमोजिम र अरूमा प्रचलित कानूनबमोजिम हुनेछ ।"

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मितिः– २०४१।७।२७।२

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।